पुतलीबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

## मिति २०८१/०८/१७ गतेको ११२ औं कार्यपालिका वैठकको प्रस्तावहरु :

१. अघिल्लो कार्यपालिका वैठक (१११ औं) को निर्णय कार्याव्यवनको अवस्था सम्बन्धमा,
२. अनुगमन तथा सुपरीवेक्षण सम्बन्धी कार्यविधि, २०८१ सम्बन्धमा, (अघिल्लो कार्यपालिका वैठकमा पेश भएको )
३. रोजगार सम्बाद मञ्च कार्यविधि. २०८१ सम्बन्धमा, (अघिल्लो कार्यपालिका वैठकमा पेश भएको)
४. कन्टिनजेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०८१ सम्बन्धमा,
५. आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८१ सम्बन्धमा,
६. मनोसामाजिक तथा मानसिक स्वास्थ्य नीति, २०८१ सम्बन्धमा,
७. सुरक्षीत आप्रवासन कार्यविधि, २०८१ सम्बनधमा,
८. पुतलीबजार खेलकुद विकास समितिलाई स्याङ्गजा सहयोग समाजद्वारा आयोजित भलिवल प्रतियोगितामा उपलब्ध गराईएको रु ५०,००० अनुमोदन गर्ने सम्बन्धमा,
९. भैसी पकेट क्षेत्र तोक्ने सम्बन्धमा,
१०. योजना कार्यान्वयनको अवस्था सम्बन्धमा,
११. नगर सभा तोक्ने सम्बन्धमा,
१२. वित्तीय साक्षरता कक्षा संचालनका लागि वडा छनौट,
१३. विविध ।
    - मिनी टिलरको टेण्डर रद्दको अनुमोदन
    - कागज धुल्याउन सहमति

तुलसी राम रेग्मी
नगर प्रमुख

## मिति २०८१/०८/१७ गतेको ११२ औं कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नंम्बर १ :**

१११ औं कार्यपालिका बैठकका निर्यणहरुका विषयमा कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्था बारेमा जानकारी गराइयो र सो सम्बन्धमा कार्यान्वयन हुन बाँकी निर्णयहरु आगामी कार्यपालिका बैठकसम्म कार्यान्वयन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नंम्बर २ :**

१११ औं कार्यपालिका बैठकमा पेश भएको अनुगमन तथा सुपरीवेक्षण सम्बन्धी कार्यविधि, २०८१ र रोज़गार सम्वाद मञ्च कार्यविधि, २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नंम्बर ३ :**

कार्यपालिका बैठकमा पेश भएका देहाय बमोजिमका नीति तथा कार्यविधिहरुका सम्बन्धमा बैठकमा सहभागी कार्यपालिका सदस्यहरु दिनु भएको राय सल्लाह र सुझावहरुलाई समावेश गरी परिमार्जन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

- कन्टिनजेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०८१
- आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८१
- मनोसामाजिक तथा मानसिक स्वास्थ्थ नीति, २०८१
- सुरक्षित आप्रवासन कार्यविधि, २०८१

**निर्णय नंम्बर ४ :**

स्याङ्ग्ज़ा सहयोग समाज अन्तरराष्ट्रिय समन्वय समितिको आयोजनामा मिति २०८१कार्तिक २ देखि ५ गते सम्म वालिङ्ग खेल मैदानमा आयोजित पुरुष भलिबल खेलकुद प्रतियोगितामा पुतलीबजार खेलकुद विकास समितिबाट सहभागी टिमले द्वितिय स्थान हासिल गरेको हुँदा नगर खेलकुद विकास समितिलाई प्रोत्साहन स्वरूप रु ५०,००० आर्थिक सहयोग प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नंम्बर ५ :**

संघीय सरकारद्धारा विनियोजित बजेट अन्तरगत रही भैसी पकेट कार्यक्रम संचालनका लागि प्रमुख प्रशासकीय अधिकृतको समितिले पेश गरेको प्रतिवेदनका आधारमा नगरपालिकाको वडा नंम्बर १३ र १४ लाई भैसी पकेट क्षेत्र तोकी कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नंम्बर ६ :**

संघीय सरकार, प्रदेश सरकार र नगरपालिकाद्धारा आर्थिक वर्ष ०८१/०८२ संचालन गर्ने गरी छनौट भएका योजनाहरुको टेण्डर/उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने आयोजनाहरुको मंसिर मसान्त भित्र टेण्डर वा सम्झौता गर्ने कार्य सम्पन्न गर्ने र मंसिर मसान्त भित्र सम्झौता नभएका नगर स्तरीय योजनाहरुका

धनश्याम ... प्रशासकीय अधिकृत

तुलसी राम रेग्मी
नगर प्रमुख

विषयमा आगामी नगरसभा मार्फत बैकल्पिक योजना छनौट गरी कार्यान्वियन गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नंम्बर ७ :**

आर्थिक वर्ष २०८१/०८२ को हिउदे नगरसभा आगामी पुष १९ गते शुक्रबार दिन दिनको ११ बजे सिटी हल स्याङ्जामा बस्ने गरी आव्हान गर्ने निर्णय गरियो ।

**निर्णय नंम्बर ८ :**

सामी कार्यक्रम अन्तरगत वैदेशिक रोजगारमा रहेका कामदारका परिवारका २५ जनाको सहभागितामा संन्चालन हुने वित्तीय साक्षरता सम्बन्धी २१ हसे कक्षा (दिनको २ घण्टा) नगरपालिकाको वडा नंम्बर ५ र १३ मा गर्ने, विभिन्न बैंक तथा वित्तीय संस्थाहरुमा आवद्ध भएका वा हुन चाहने व्यक्तिहरु र सहकारी संस्थाका सदस्यहरुको सहभागितामा ३ दिवसीय वित्तीय साक्षरता कार्यक्रम वडा नं ११ मा, औपचारिक तथा अनौपचारिक समूहहरुमा (कृषि पशुपालन आमा समूह टोल विकास संस्थाका पदाधिकारी लगायत) आवद्ध भएका व्यक्तिहरुलाई दिइने १ दिवसीय (५ वटा इभेन्ट) र वडा नं २, ७, ६, ९, १०, १४ र माध्यमिक विद्यालयका विद्यार्थी युवा र किशोर किशोरीलाई दिइने १ घण्टा ३० मिनेट संचालन हुने वित्तीय साक्षरता कार्यक्रममा वडा नंम्बर १,३,४,६,१२ का ५ वटा सामुदायिक विद्यालयहरुमा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नंम्बर ९ :**

विविध

- आर्थिक वर्ष ०८०/०८१ मा आव्हान गरिएको मिनिटेलरको टेण्डरका सम्बन्धमा आपूर्तीकर्ताबाट (स्वस्तिक ट्रेडर्स, राजापुर-ए, वर्दिया ३०५७२८४७८) नगरपालिकाबाट स्वीकृत भएको स्पेशिफिकेशन अनुसार मिनिटेलर आपूर्ती नगरेका कारण उक्त आपूर्तीकर्ताबाट नियमानुसार राखेको घरौटी रकम जफत गरी सामान फिर्ता लाने गरी प्रमुख प्रशासकीय अधिकृतबाट पेश भए बमोजिमको निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।
- सरकारी कागजात धुल्याउने सम्बन्धी ऐन, २०२७ बमोजिम नगरपालिका र अन्तरगतका कार्यालयहरुमा रहेका कागजातहरु मालेबगरमा रहेको पशुबधशालाको कम्पाउण्ड भित्र जलाउने गरी व्यवस्था मिलाउन र काम नलाग्ने जिन्सी सामानको लिलाम प्रकृया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृत स्तरबाट भएको निर्णय बमोजिमको समितिलाई सहमति दिने निर्णय गरियो ।
- वडा नं १४, मा रहेको दलित भवनको मर्मत सम्भार कार्य अगाडि बढाउनका लागि लागत अनुमान तयार गरी पेश गर्न वडा कार्यालयलाई जिम्मेवारी दिने निर्णय गरियो ।
- पुतलीबजार नगरपालिका अन्तरगत खरको छाना भएका र शौचालय नभएका नगरबासीहरुको एकीन विवरण तयार गरी लागत अनुमान सहित पेश गर्न सबै वडा कार्यालयलाई जिम्मेवारी दिने र आर्थिक वर्ष २०८१/०८२ मा विनियोजित बजेट अन्तरगत रही आवश्यकताका आधारमा क्रमश आर्थिक सहयोग उपलब्ध गराई खरको छाना विस्थापित गर्दै जाने तथा शौचालय विहीन नगरवासीहरुलाई शौचालय निर्माणमा सहयोग गर्ने निर्णय गरियो ।

धर्मराज ढुङ्गाना
प्रमुख प्रशासकीय अधिकृत

तुलसी राम रेग्मी
नगर प्रमुख